स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



पूर्वमिस नेपाल श्रृंखला खतिवडा अमेरिकामा पढाइ सकेर स्वदेश फर्किएकी छन् । हार्वर्ड विश्वविद्यालयमा सहरी योजना विषयमा स्नातकोत्तर सकेकी उनी एक महिनाअघि काठमाडौं फर्किएकी हुन् । जहाँ भए पनि श्रृंखलालाई गसिपले पछ्याउन छाड्दैन । उनको निजी र व्यावसायिक जीवन सधैं लाइमलाइटमा रहने गर्छ । नेपाल फर्किएपछि पनि श्रृंखला सामाजिक सञ्जालको केन्द्रमा छिन् । उनले यही कुरालाई इन्स्टाग्राममा लामो स्टाटस पोस्ट गरेकी छन् ।

**आजको विचार...**



प्रकाश नेपाल

सरकारलाई... (दुई पेजमा)



फिल्म हिट हुनु कलाकारका लागि सानोतिनो उपलब्धि होइन । यसले करिअरलाई मजबूत बनाउँछ । फिल्ममा व्यस्तता बढाउँछ । तर, केहीको हकमा भने यो लागू भएको देखिन्न । अभिनेत्री अञ्जना बराइलीलाई यसको उदारणार्थ दिन सकिन्छ । उनको डेब्यू फिल्म 'महापुरुष' सुपरहिट भएको थियो । उनको अभिनय पनि रुचाइएकै थियो । तर पनि उनको करिअर सुखद देखिएको छैन । महापुरुष"को सफलताले फिल्ममा अञ्जनाको व्यस्तता बढाउनु पर्ने थियो । उनको हातमा फिल्म नहुनुले पनि विभिन्न टिप्पणी भएको भइरहेको छ ।

❒ वर्ष २८ ❒ अंक ३३४ ❒ २०८० असार १७ गते आइतबार 2 July 2023, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# बाढीपहिरोले सडकमा क्षति, जोखिममा बस्ती

**हाम्रा संवाददाता**

**पाल्पा,** असार १६/दुई दिनदेखि लगातार परेको अविरल वर्षाका कारण आएको बाढीपहिरोले जिल्लाका विभिन्न ठाउँहरुमा वितण्डा मच्चाएको छ । बाढीपहिरोबाट यहाँका अधिकासं सडकमा क्षति पुगेको छ भने बस्तीहरु जोखिममा रहेका छन् ।

बाढीका कारण तिनाउ नदी क्षेत्रमा पर्ने पाल्पा र रुपन्देही आसपासका क्षेत्र जोखिममा छन् । निरन्तरको वर्षाले रुपन्देहीको तिनाउ नदीको बहाब बढेपछि नदी आसपासका बस्ती जोखिमपूर्ण अवस्थामा पुगेका हुन् । बाढी मापदन केन्द्र बुटवलले सूचना जारी गर्दै तिनाउ नदीका तटीय क्षेत्र र आसपास डुबान हुन सक्ने भन्दै उच्च सतर्कता अपनाउन आग्रह गरेको छ । बाढी पूर्वानुमान महाशाखाले २/३ घण्टाको वर्षा मापनलाई आधार मानेर एसएमएसमार्फत जानकारी दिएर सतर्कता अपनाउन आग्रह गर्दै आएको छ । शनिबार अविरल वर्षाले सिद्धार्थ राजमार्ग अन्तर्गत पाल्पा सदरमुकाम जोड्ने मुख्य ठाउँमा पहिरो जाँदा सडक अवरुद्ध बन्न पुगे । पहिरो खस्दा बिहानैदेखि अधिकांश सडकमा यातायात चल्न सकेनन् । शुक्रबार रातिदेखि लगातार पानी पर्न नरोकिएपछि कच्ची बाटो चिप्लो भएको छ भने मुख्य सडक पहिरोले अवरुद्ध बनाएको छ । माटोसहित आएको भेलले समेत सडकमा खाल्डाखुल्डी बनाएको छ भने केही सडक बगाएको छ । निरन्तरको वर्षाले तटीय क्षेत्रमा डुबान र कटान तथा उच्च भागमा पहिरोको जोखिम देखिएको छ । सिद्धार्थ राजमार्गको तानसेन-पोखरा सडक सडक खण्डको चिदिपानी धैरेनीमा लेदो सहित पहिरो खसेको छ । जसका कारण सडक अवरुद्ध हुनुको साथै सडकमा क्षति पुगेको छ । राम्दीदेखि रामपुर जाने कालीगण्डकी करिडोर क्षेत्रको सेरामा पनि पहिरो खसेर सडक अवरुद्ध रहयो । लेदो हटाउन २ वटा मेसिन तयारी अवस्थामा रहे पनि लगातारको बर्षाका कारण काम गर्न कठिनाई भएको डिभिजन सडक कार्यालय पाल्पाका डिभिजन प्रमुख प्रदिपमणी निरौलाले बताए । तानसेन-रिडी सडक खण्डकको ढुङ्गाखानीको तीन लाकुरी खण्डमा पहिरो खस्दा सडक अवरुद्ध हुन पुग्यो । यस्तै तानसेन रानीमहल सडक खण्डको रानीमहल माथि पहिरो खस्दा सडक अवरुद्ध भएको छ । तानसेन बुटवल सडकखण्डको सिद्धबावा क्षेत्र, पानीमिल क्षेत्रमा बगेको लेदो तथा पहिरो पन्छाएर एकतर्फी सडक सञ्चानमा आएको डिभिजन प्रमुख निरौलाले बताए । राजमार्ग क्षेत्र बुटवल तानसेन सडकखण्डको हिउँदे खोलामा स्काभेटर, पानी मिल क्षेत्रमा लोडर, बर्तुङ्गमा जेसीवी आर्यभञ्ज्याङ्गमा लोडरसहित जनशक्ती तयारी अवस्थामा राखेर अवरुद्ध भएको क्षेत्रमा ढिलोमा १ घण्टा भित्र पुग्ने गरी व्यबस्थापन मिलाइएको डिभिजन प्रमुख निरौलाले बताए । पूर्वखोलाको हेक्लाङ्ग, रम्भाको फोक्सिङकोट सडकमा समेत पहिरोका कारण क्षति पुगेको छ ।

अविरल वर्षासँगै खोला नाला बढेर आउँदा जिल्लाका केही खेत कटान र पुरिएको छ । पहिरोका कारण भत्किएका र अवरुद्ध भएका सडकहरू खुलाउन वर्षाका कारण समस्या भइरहेको ट्रफिक प्रहरीले जनाएको छ । सडक बन्द हुँदा सवारी साधानहरु शनिबार अवेरसम्म बीचबाटोमा रोकिएका थिए । केही सडक एकतर्फी सञ्चालनमा ल्याइएको छ भने केही ठाउँहरु अवरुद्ध नै छन् ।



## सक्षिप्त समाचार

### लुम्बिनीमा ११ प्रतिशत रोपाइँ

**पाल्पा,** असार १६/लुम्बिनी प्रदेशमा ११ प्रतिशत रोपाइँ भएको छ । मध्य असारसम्म यहाँका १२ वटा जिल्लामा ११ प्रतिशत रोपाइँ भएको हो ।

वर्षा ढिलो भएका कारण यहाँका जिल्लाहरुमा अहिले रोपाइँ विगतका वर्षमा भन्दा कम भएको लुम्बिनी प्रदेश कृषि मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अनुसार गत वर्ष यही अवधिमा करिब ३२.७१ प्रतिशत रोपाइँ भएको थियो । मन्त्रालयको तथ्याङ्क अनुसार लुम्बिनी प्रदेशमा धान रोपाइँ हुने ३ लाख ११ हजार ४२ हेक्टर क्षेत्रफल हो । जसमध्ये अहिलेसम्म ३४ हजार ४८३ हेक्टर क्षेत्रफलमा मात्रै रोपाइँ भएको छ, जुन प्रतिशतको हिसाबले ११.०९ हो । पाल्पामा ८ सय २१ हेक्टर क्षेत्रफल अर्थात् १० प्रतिशत रोपाइँ सकिएको छ । पाल्पामा ८ हजार २ सय १० हेक्टर क्षेत्रफलमा रोपाइँ हुने गर्दछ । गुल्मीमा ८ हजार ६ सय ७० हेक्टर क्षेत्रफलमा धान रोपाइँ हुन्छ भने अहिलेसम्म ७ सय ३७ हेक्टर क्षेत्रफलमा जम्मा ८.५ प्रतिशत रोपाइँ भएको छ । अर्घाखाँचीमा ८ हजार ५० हेक्टर क्षेत्रफलमा धान रोपाइँ हुन्छ, त्यहाँ अहिले ८ सय ५ हेक्टर क्षेत्रफलमा रोपाइँ सकिएको मन्त्रालयले जनाएको छ ।

## आज खेलकुद पत्रकार दिवस मनाइँदै




**पाल्पा,** असार १६/आज जुलाई २ अर्थात् विश्व खेलकुद पत्रकार दिवस । विश्वभर विभिन्न कार्यक्रम आयोजना गरी मनाइँदै छ । खासमा समाजमा खेलकुद पत्रकारले खेल्ने महत्वपूर्ण भूमिकाको सम्मानका लागि विश्व खेलकुद पत्रकार दिवस मनाउन थालिएको हो ।

सन् १९२४ जुलाई २ मा स्थापना भएको इन्टरनेसनल स्पोर्टस एसोसिएसन (एआईपीएस) को वार्षिकोत्सवको रुपमा समेत रहेको छ । एआईपीएसको मुख्यालय स्विट्जरल्याण्डमा रहेको छ । सन् १९९४ मा एआईपीएसले आफ्नो स्थापनाको वार्षिकोत्सव मनाउनको लागि विश्व खेलकुद पत्रकार दिवस सुरु गरेको हो । विश्व खेलकुद पत्रकार दिवसको उद्देश्य भनेको खेलकुद पत्रकारहरूको कामलाई प्रवर्द्धन गर्नु र उनीहरूले समाजमा खेल्ने महत्वपूर्ण भूमिकाको बारेमा जानकारी प्रदान गर्नु हो । खेलकुद पत्रकारहरूले खेलकुद घटनाहरूको बारेमा सही र छिटो जानकारी प्रदान गर्न महत्वपूर्ण भूमिका खेल्छन् । अहिले हरेक सञ्चार गृहमा स्पोर्टस एउटा अपरिहार्य विट बनिसकेको छ । खेलकुदका समाचार विना कुनै पनि सञ्चार गृहबाट प्रसारण वा प्रकाशन हुने समाचार पूर्ण हुँदैनन् । विगतमा निकै थोरै संख्यामा मात्र खेलकुद पत्रकारहरु थिए । अहिले सञ्चार माध्यमको विकास र सञ्चार गृहको संख्या वृद्धि भएसँगै खेलकुद पत्रकारहरु पनि धेरै संख्यामा देखिन थालेका छन् । हरेक मिडिया हाउसको लागि खेलकुद नभइ नहुने विट त बन्यो, तर पनि नेपालको पत्रकारिता राजनीतिमा बढी केन्द्रीत रहँदा खेलकुद क्षेत्रका समाचारहरु भने छायाँमा पर्ने गरेका छन् ।

### तानसेनमा खोज पत्रकारिता प्रशिक्षण

## खोज पत्रकारिता अहिलेको आवश्यकता : श्रेष्ठ

**पाल्पा,** असार १६/विश्व प्रेस काउन्सीलका महासचिव तथा प्रेस काउन्सील नेपालका पूर्व अध्यक्ष किशोर श्रेष्ठले खोज पत्रकारिता अहिलेको आवश्यकता रहेको बताएका छन् । शनिबार तानसेनमा भएको खोज पत्रकारिता प्रशिक्षणमा बोल्दै उनले अहिलेको सन्दर्भमा खोजी पत्रकारिता आवश्यक रहेको बताएका हुन् ।

उनले हिजोको अवस्थामा मिसन पत्रकारिता आवश्यकता रहे पनि अहिलेको खोज पत्रकारिता नै आवश्यक रहेको धारणा व्यक्त गरे । प्रशिक्षक समेत रहेका श्रेष्ठले प्रिन्ट मिडियाको भविष्य अब खोज पत्रकारितामा मात्रै रहेको बताए । उनले भने,'खोजमूलक रुपमा पाठकहरु समक्ष समाचारहरु प्रकाशन गर्न सकियो भने मात्र मिडिया चल्न सक्छन्, अन्यथा गाह्रो हुन्छ ।' उनले खोजी पत्रकारितामा स्रोतलाई विश्वासीलो र सुरक्षित अवस्थामा राख्न सक्नुपर्नेमा जोड दिए । श्रेष्ठले भने,'स्रोतलाई हामीले विश्वासीलो र सुरक्षित राख्न सकियो भने स्रोत खोज्न कोही जानुपर्दैन, स्रोत आफै खोज्दै आउँछ ।' कुनै पनि समाचार प्रकाशन गर्दा स्रोतको पुष्टि गरेर मात्र प्रकाशन गर्न उनले जिल्लाका सम्पादकहरुलाई आग्रह गरे । उनले भने,'समाचार हतारमा प्रकाशन नगरौं, स्रोतबाट पुष्टि भएपछि मात्र प्रकाशन गर्नु राम्रो हुन्छ ।' उनले खोजी पत्रकारिता गर्न गाह्रो हुने तर चिन्न सकियो भने टिक्न सकिने बताए ।



-बाँकी अन्तिम पेजमा

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## खेलकुद पत्रकार दिवसको सन्दर्भ

आज विश्व खेलकुद पत्रकार दिवस हो । खेलकुद वा स्पोर्ट्स विटमा कार्यरत पत्रकारहरुको लागि आजको दिनलाई विशेष दिनका रुपमा हेर्ने गरिन्छ । हरेक वर्ष जुलाई २ मा विश्व खेलकुद पत्रकार दिवस मनाउने गरिन्छ । खेलकुद पत्रकार दिवस सन् १९९४ बाट मनाउन थालिएको हो । सन् १९२४ मा बेलायतमा अन्तर्राष्ट्रिय खेलकुद प्रेस संघ (एआइपिस) स्थापना भएको दिनको स्मरण गर्दै हरेक वर्ष यो दिवस मनाउने गरिन्छ । खेलकुद पत्रकारिता खेलकुदसँग सम्बन्धित समाचार रिपोर्टिङसँग सम्बन्धित पत्रकारिताको एउटा शाखा पनि हो । सबै खेल सम्बन्धित समाचार र घटनाहरू क्रमशः खेल पत्रकारहरुले कभर गरेको इतिहास छ । अहिले आएर डिजिटल युगमा खेलकुद पत्रकारिताको गति र माग निकै बढेको छ । यो सकारात्मक पक्ष हो तर यस्ता प्रतिस्पर्धात्मक समाचारहरू कभर गर्न ठूलो सीप र विशेषज्ञता चाहिन्छ । त्यो भने छैन । दिवस खेलकुद पत्रकारहरुलाई सम्मान गर्न र उनीहरुको कडा परिश्रमको कदर गर्न पहल गर्नु हो । तर त्यो हुन सकिरहेको छैन ।

नेपालको आम पत्रकारितासँगै खेलकुद पत्रकारिताले जग हालेको अनुमान गर्न सकिन्छ । पत्रकारितामा छुट्टै विटको सुरुवात गर्ने हेतुले भन्दा पनि खेलकुदका गतिविधि भएपछि त्यसलाई सञ्चार माध्यममा समेट्ने गरी लेखिने गरिएका समाचार नै नेपालमा खेल पत्रकारिताको सुरुवाती चरण हुन् । खेलकुद पत्रकारिता आमपत्रकारिताका अन्य विधा जस्तो सामाजिक अभियान वा सामाजिक उत्तरदायित्वले डोऱ्याउने पत्रकारिता नभएका कारण यसको विकास पनि त्यही रुपमा अगाडि बढेको भेटिन्छ । खेल पत्रकारिताका लागि खेल गतिविधि हुन जरुरी छ । खेल गतिविधि बिना खेल पत्रकारिता असम्भव प्रायः नै छ । पत्रकारिता आफैमा एक चुनौतीपूर्ण पेशा हो । त्यसमा पनि खेल पत्रकारिताका लागि विशेष किसिमको क्षमता र अवस्था आवश्यक हुन्छ । एक्सन ओरिएन्टेड पत्रकारिता हुने भएका कारण खेल पत्रकारिता बचाउन र विकास गर्न खेलकुदकै विकास गर्न आवश्यक छ । यसर्थ खेल क्षेत्रको विकास र विस्तारमा ध्यान दिन सके मात्र खेलकुद पत्रकारिता दिवस मनाउनुको सार्थकता रहन सक्छ ।

## Opinion @ Social Network

भनिन्छ परिस्थितिले मानिसलाई परीपक्व बनाउँछ ।
नत्र रहरहरु बेचेर बाध्यताहरु खरिद गर्ने मन कसको हुन्छ र जीवनमा ।
(**विजय भुसालको फेसबुक स्टाटस** *https://www.facebook.com/ivijay.bhusal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सरकारलाई 'धमिरा' सिध्याउने अवसर र चुनौती



प्रकाश नेपाल

*सत्य र राम्रोलाई राम्रो, नराम्रोलाई गलत हो भन्न सक्ने अवस्थामा विषेशगरी कमरेडहरुले भन्न सन्ने अवस्था छैन । कारण पार्टीको सिपाही भएर हो । विष्णु पौडेलले समेत बालुवाटारको जमिन खरिद गरेका हुन तर पछि उनले बेलुका अबेरसम्म मालपोत कार्यालय खुलाएरै खरिद गरेको जमिन फिर्ता गरेको कुरा आम जनताले भुलेका छैनन् । त्यसैले उनलाई पनि कानुनी कठघरामा उभ्याउनु पर्दछ । उनले त्यसो गरेको ओली कै आडमा हो । जमिन फिर्ता गरेर उनले सुख तथा उन्मुक्ती पाउनु हुँदैन । ओली नेतृत्वमा रहेका बखतमा ३३ किलो सुन काण्ड पनि भयो । हुन त पशुपतीको जलहरी प्रकरणमा अख्तियार पस्यो तर अख्तियारका प्रमुख आयुक्त प्रेम राई ओली कै कार्यकर्ता भएकाले यो विषयमा पनि सिविआइले अनुसन्धान गरेको खण्डमा दुधको दुध पानीको पानी नै हुने गरी तथ्य कुरा बाहिरिने छ । ३३ किलो सुन प्रकरणको फाइल समेत खुल्नु पर्ने आजको आवश्यकता हो । पूर्व प्रधानमन्त्री ओलीका विश्वासपात्र ठानिएका विष्णु रिमाल, खगराज अधिकारीका पुत्रको संग्लनतामा स्वास्थ्य सामग्री खरिद प्रकरणमा जोडिएका ओम्नी समूह पति बहुचर्चित विषय हो । यो विषय पनि तत्कालीन समयमा सत्ता र शक्तिको बलमा फाइल बन्द गरियो । यस विषयमा सरकार तथा मुलुकलाई ठूलो धनराशी हानी गरेको तथ्य खुलेको छ । तर यो विषयमा फाइल खोल्दा नेकपा एमालेका धेरै नेताका घरमा रूवावासी नै हुनेछ ।*

गृहमन्त्री नारायणकाजी श्रेष्ठले नयाँ र प्रशंसनीयय कार्य गरेका छन् । राम्रो कामको प्रशंसा र नराम्रो कामको आलोचना गर्नु नै लोकतन्त्रको सुन्दर पक्ष हो । उनले पहिलो काम सुराकी बापतको रकम नै बन्द गराए । २०४७ साल पछिको सरकारले गर्न नसकेको काम उनले गरेर देखाए । त्यसपछि मानव तस्करको जालो समेत उनले तोडेर फेरि प्रशंसका पात्र बने । पछिल्लो समयमा उनी मातहतको केन्द्रिय अनुसन्धान ब्यूरोलाई बालुवाटरको ललिता निवासको जग्गा प्रकरणको स्वतन्त्रपूर्वक अनुसन्धानका लागि फाइल अगाडि बढाउनका लागि ब्यूरोलाई स्वतन्त्रपूर्वक छाडिदिए । ललिता निवास प्रकरणमा ठूलो संख्यामा र ठूला-ठूला व्यक्तिको संग्लनताको पर्दाफास हुने निश्चित नै छ । यस्ता-यस्ता विषयका कारण आम नागरिकले मुलकमा सरकार भएको अनुभव र अनुभूति गर्ने छन् । यस प्रकरणमा पनि ठूलो परिणाममा राज्य कोष दोहन अर्थात् राज्यलाई नोक्सानी गरेको प्रमाण हुँदा हुँदै पनि ओली नेतृत्वको सरकारले दवाब दिएका कारण फाइल बन्द गरिएको थियो । अख्तियार समेत यस प्रकरणमा मौन बसेको थियो । यस विषयमा नेकपा एमालेका विष्णु पौडेल समेत कानुनी कठघरामा उभिनु पर्दछ । हुन त सिविआइले अनुसन्धानको क्रममा तान्न सक्ने पर्याप्त आधार पुष्टि हुन सकेन । आम जनताको बुझाइ यहि नै रहेको छ ।

भ्रष्टाचारका सवालमा सरकार कठोर नभएसम्म मुलुकमा सुधारका बाटाहरू देखिदैनन् । राजनैतिक नेतृत्व र सरकारको छत्र छायामा नै मुलकमा भ्रष्टाचार भएको हो । त्यसका धेरै उदाहरण र प्रमाण पनि छन् । विषेशतः यस्ता प्रकरण ओली नेतृत्व सरकारका समयमा धेरै भए भन्दा कमरेडहरुको मनमा चिसो पस्ला तर सत्य यहि नै हो । सत्य र राम्रोलाई राम्रो, नराम्रोलाई गलत हो भन्न सक्ने अवस्थामा विषेशगरी कमरेडहरुले भन्न सन्ने अवस्था छैन । कारण पार्टीको सिपाही भएर हो । विष्णु पौडेलले समेत बालुवाटारको जमिन खरिद गरेका हुन तर पछि उनले बेलुका अबेरसम्म मालपोत कार्यालय खुलाएरै खरिद गरेको जमिन फिर्ता गरेको कुरा आम जनताले भुलेका छैनन् । त्यसैले उनलाई पनि कानुनी कठघरामा उभ्याउनु पर्दछ । उनले त्यसो गरेको ओली कै आडमा हो । जमिन फिर्ता गरेर उनले सुख तथा उन्मुक्ती पाउनु हुँदैन । ओली नेतृत्वमा रहेका बखतमा ३३ किलो सुन काण्ड पनि भयो । हुन त पशुपतीको जलहरी प्रकरणमा अखितयार पस्यो तर अख्तियारका प्रमुख आयुक्त प्रेम राई ओली कै कार्यकर्ता भएकाले यो विषयमा पनि सिविआइले अनुसन्धान गरेको खण्डमा दुधको दुध पानीको पानी नै हुने गरी तथ्य कुरा बाहिरिने छ । ३३ किलो सुन प्रकरणको फाइल समेत खुल्नु पर्ने आजको आवश्यकता हो । पूर्व प्रधानमन्त्री ओलीका विश्वासपात्र ठानिएका विष्णु रिमाल, खगराज अधिकारीका पुत्रको संग्लनतामा स्वास्थ्य सामग्री खरिद प्रकरणमा जोडिएका ओम्नी समूह पति बहुचर्चित विषय हो । यो विषय पनि तत्कालीन समयमा सत्ता र शक्तिको बलमा फाइल बन्द गरियो । यस विषयमा सरकार तथा मुलुकलाई ठूलो धनराशी हानी गरेको तथ्य खुलेको छ । तर यो विषयमा फाइल खोल्दा नेकपा एमालेका धेरै नेताका घरमा रूवावासी नै हुनेछ । मुलुकलाई ध्वस्त पार्ने यस्ता धमिरा नियन्त्रण गर्नु पर्दछ । यस्ता विषयमा स्वतन्त्रपूर्वक छानविन गरिनु पर्दछ । यस्ता विषयमा अध्ययन, अनुसन्धान गर्ने, कारवाहीका लागि सिफारिस गर्ने, अधिकार प्राप्त निकास दलिय भागवण्डाका कारणले गर्दा स्वतन्त्रताका सवालमा प्रश्न उठेको हो । छिमेकी मुलुक भारतका अधिकांश एवं प्रधानमत्रीलाई सिविआइले कानुनी दायरामा ल्याएका धेरै तंजीर छन् । तर यहाँ त्यस्तो हुँदैन । नेकपा एमालेका विवादित मन्त्री गोकुल बास्कोटाको लेनदेन प्रकरणको अडियो सार्वजनिक भएको हो । तर सत्ता र शक्तिका कारण उनी जोगिए । यस्ता लज्जास्पद भयो । नेकपा एमालेको नेतृत्वमा सरकार भएका बखतमा गोकुल बास्कोटालाई किन कारवाही भएन भन्ने हो । हुन त त्यस समयमा ओली बालुवाटार थिए । बास्कोटा बाल्कोटमा बस्ने गरेका कारण कारवाही भएन । अहिले बास्कोटा र ओलीकै कुरा ठूलो छ । गोकुल बास्कोटाको अडियो आज पनि सुरक्षित भएकाले त्यसलाई पनि सिविआइले अनुसन्धान गर्नु पर्दछ । यो प्रकरणले पनि नेकपा एमालेमा महाभुकम्प जानेछ, त्यो सत्य हो । सिबिआइको अगाडि अख्तियार छायामा परेको छ । हुन त केहि दिन अगाडि नेकपा एमाले, कांग्रेस र सरकारबिचमा सम्झौता भयो, त्यो के भने भुटानी प्रकरणमा आरजु राणा, प्रेम राइलाई कानूनी दायरामा नल्याउने । भ्रष्टाचारका विषयमा जोगाउन सहमति भएपछि के गर्ने ? प्रश्न यहाँ हो । देउवा पत्नी, खाँण पत्नी समेत कानुनी दायरामा आए पछि बल्ल स्वतन्त्रता माथि प्रश्न उठ्दैन । यस्ता विषयमा एक पटक ओलीलाई समेत कठघरामा उभ्याउनु पर्दछ ।

अख्तियारले बन्द गरेको अर्को ठूलो फाइल छ त्यो हो वाइडबढी विमान खरिद प्रकरण । यो विषयमा तल्लो सदनको सार्वजनिक लेखासमितिले गहन तवरले अध्ययन गरी सरकारलाई प्रतिवेदन बुझायो तर प्रतिवेदनलाई कार्यान्वयन गर्ने सवालमा सरकार मौन बस्यो । नेपाल वायुसेवा निगम ध्वस्त बनाउन यस्ता धमिराहरु नष्ट नगरेसम्म त्यहाँ पनि सुधार हुँदैन । मुलुक राजनैतिक संरक्षणका कारण ध्वस्त भए । माथि देखिने धमिरा नियन्त्रण भए तल पनि सफा हुनेछ । त्यसले गर्दा यस्ता धमिरा नियन्त्रणका लागि सरकारले खुट्टा कपाउन हुँदैन ।

हुन त सरकार एउटा पार्टीको मात्र छैन । संयुक्त सरकार छ । यो सरकारले आफ्ना कार्यकर्ता नेताबाट भए गरेका भ्रष्टाचार समेत खोज्नु पर्दछ । माओवादी सेवा व्यवस्थापनका लागि सरकारबाट लिएको पेश्कीको समेत न्यायोचित रुपमा छानबिन गरी धमिरा सिध्याउनु पर्दछ । पुष्पकमल दाहाल नेतृत्वको सरकारलाई धमिरा सिध्याउने अवसरसँगै चुनौती पनि उत्तिकै छ । त्यसका लागि हिम्मत नै ठूलो कुरा हो ।

***(लेखक जिल्लाका क्रियाशील एवं समसामयिक विषयमा खरो रुपमा कलम चलाउने युवा पत्रकार समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२१११९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पिटल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको काम सम्पादन हुन सक्छ । | **तुला** : आफन्तले काममा सहयोग गर्नेछन्। सन्तान प्राप्तिको योगपनि छ । |
| **वृष** : नयाँ आशा पलाउनेछ । ज्ञान, अध्यात्मको भावना जाग्न सक्छ । | **वृश्चिक** : यात्रा गर्ने अवसर प्राप्त हुनेछ। परिवारहरूसित भेटघाट हुनेछ । |
| **मिथुन** :अवसर आउनाले मन प्रसन्न रहनेछ । मानसम्मान पाइने छ । | **धनु** : प्रसन्नतामा समय व्यतीत हुनेछ । सम्पत्ति लाभ गर्न प्रयास हुनेछन् । |
| **कर्कट** : काम सम्पादन हुन सक्छ । प्रतिस्पर्धामा सफलता मिल्न सक्छ । | **मकर** : आफन्तसंग मनमुटाव बढ्ला । मानसिक चिन्ता भएको अनुभूति हुनेछ । |
| **सिंह** : अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । शुभकार्यको चर्चा चल्नेछ । | **कुम्भ** : अधुरा कामहरु पुरा हुनेछन् । स्वास्थ्य सबल रहनेछ । |
| **कन्या** : काममा दु:ख पाइन सक्छ र काममा अवरोधको सामना गर्नुपर्छ । | **मीन** : परिश्रमअनुसार उपलब्धि राम्रै पाइनेछ । कामले तीव्रता लिनेछ । |

# कृषि

## बिहान–साँझ बंगुर स्याहार्छन्, दिउँसो कार्यालय सम्हाल्छन् वडाध्यक्ष सिंजाली



स्याङ्जाको गल्याङ नगरपालिका-११ का वडाध्यक्ष दलबहादुर सिंजालीको बिहान र साँझको समय हिलो, धुलो र गोबरसँग खेलेर बित्ने गरेको छ । सिंजाली बिहानै बंगुरका लागि कुँडो पकाउँछन् । कुँडो पाक्दै गर्दा उनी बंगुरको गोबर सफा गर्न थाल्छन् । अनि पालैपालो बंगुरका माउ र बच्चालाई पाकेको कुँडो खुवाउँछन् । सिंजालीले बंगुरको स्याहारसुसार गरेर सात आठ बजेभित्र नै सकाउँछन् । वडा कार्यालय जानुपर्ने भएकाले यो समयमा बंगुरको स्याहार गरेर सकाउनु उनको बाध्यता हो ।

समय भएपछि सारा बंगुर स्याहार्ने जिम्मा श्रीमती गंगा रानालाई दिएर उनी कार्यालयतिर हानिन्छन् । कार्यालयबाट साँझ अबेर फर्के पनि खोरमा रहेका बंगुर र पाठापाठीको अवस्था हेरेर मात्र दलबहादुर अन्य काममा लाग्छन् । सिंजालीले तीन वर्षदेखि आफ्नै गाउँ बज्रेमा रजनी कृषि तथा पशुपालन फार्म दर्ता गरेर व्यावसायिक रूपमा बंगुरपालन गर्दै आएका छन् । वार्षिक रू १४ लाख ४० हजार बराबरको मासु र बंगुरका पाठापाठी बिक्री गर्ने गरेको उनको भनाइ छ । 'एक महिनामा १८ देखि २० बंगुरका पाठापाठी जन्मिन्छन्', सिंजालीले भने, 'बंगुरको पाठापाठी छ हजार रुपैयाँमा र वयस्क तथा उत्पादन दिन छोडेका बंगुर तौल हेरेर बिक्री गर्ने गरेको छु ।' उत्पादित मासु गल्याङ नगरपालिकाभित्र नै खपत हुने गरेको उनले बताए ।

'व्यवसाय गरेर आर्थिक रूपमा आत्मनिर्भर बनाउन यो काम गरेको हुँ', सिंजालीले भने, 'यो व्यवसायले परिवारलाई आवश्यक खर्च धानिएको छ, फालिएका अन्नपातको समेत सदुपयोग भएको छ ।' गल्याङको हावापानी बंगुरपालनका लागि उपयुक्त भएको उनको भनाइ छ । सिंजालीकी जीवनसङ्गिनी गंगा रानाले श्रीमानको जाँगर र पौरख देखेर आफूलाई गौरव महशुस हुने गरेको बताए । 'उहाँ आइपरेका सबै काम झर्को नमानी गर्नुहुन्छ', उनले भनिन् । गल्याङ नगरपालिकाका पशु शाखा प्रमुख सुशील अर्यालले गल्याङमा बंगुरको मासु अत्यधिक खपत हुने गरेकाले बजारीकरणको समस्या नभएको बताए । नगरपालिकाले कृषकलाई समयमा नि:शुल्क प्राविधिक सेवा, उपचार, बीउबिजन, नि:शुल्क पशु बीमा, फार्म सुधार कार्यक्रम अन्तर्गत अनुदान उपलब्ध गराएका कारण कृषक पशुपालनतर्फ आकर्षित हुँदै गएको उनको भनाइ छ । *-रासस*

## बाँझो जमिनमा व्यावसायिक अंगुर खेती



तनहुँको घिरिङ गाउँपालिका-४ स्थित बाह्रबीसेमा सुरु गरिएको व्यावसायिक अंगुर खेतीले यतिबेला उत्पादन दिन सुरु गरेको छ । फार्ममा उत्पादन भएको अंगुर टिप्ने र बजार पठाउने काम धमाधम भइरहेको फार्म सञ्चालक कुमार कार्कीले सुनाए । कार्कीका अनुसार फार्ममा पहिलो वर्ष करिब नौ हजार पाँच सय बिरुवा रोपिएको थियो । जसबाट वार्षिक १० हजार केजी अंगुर उत्पादन गर्ने कम्पनीको लक्ष्य छ ।

वाइन उत्पादन गर्ने उद्देश्यसहित स्वीट्जरल्याण्डबाट विरुवा ल्याइ व्यावसायिक अंगुर खेती सुरु गरिएको 'भाइन यार्ड एण्ड रिसर्च सेन्टर'का सञ्चालक समेत रहेका कार्कीले बताए । "हामीले यहाँ पहिलो वर्ष लार्भाको समस्या भोगेका थियौं । यसवर्ष भने पूर्वतयारीका साथ खेती गरिरहेका छौँ, उत्पादन पनि राम्रो भइरहेको छ", कार्की भने । कार्कीले धादिङको थाक्रे गाउँपालिका-१० जुडे खोला केवलपुरमा पनि विगत १५ वर्षयता एक सय ५० रोपनी क्षेत्रफलमा अंगुर खेती गर्दै आएका छन् । वाइनका लागि थप अंगुर आवश्यक भएपछि तनहुँको बाह्रबीसेमा दुई वर्षयता ७० रोपनी बाँझो जमिनमा अंगुर खेती सुरु गरिएको उनको भनाइ छ । कार्कीका अनुसार हाल विभिन्न ३२ प्रजातिका अंगुर खेती गरिए पनि केही प्रजातिका अंगुरले मात्रै राम्रो उत्पादन दिइरहेका छन् । "स्वीट्जरल्याण्डबाट रु सातसयदेखि रु एक हजारसम्म खर्चेर ३२ प्रजातिका विरुवा ल्याएका थियौँ, यद्यपि हाल आठदेखि दश प्रजातिका अंगुरले मात्रै राम्रो उत्पादन दिएका छन्", उनले भने । बिरुवा लगाएको पहिलो वर्षमा नै अंगुरले फल दिन सुरु गरेको उनको भनाइ छ । उनका अनुसार धादिङको फार्ममा रु ३८ करोड ५० लाख र तनहुँमा रु एक करोड ५० लाख गरी रु ४० करोड लगानी भइसकेको छ । "हामीसँग हाल वार्षिक तीन लाख लिटर वाइन उत्पादन क्षमता छ, यसले पनि अंगुर खेतीलाई प्रोत्साहन गरेको छ", उनले भने, "वाइनको माग राम्रो भएकाले अंगुर उत्पादन खपतको चिन्ता छैन ।" उनका अनुसार कम्पनीले ७५० एमएलको बोतल तीन प्रकारका वाइन उत्पादन भइरहेको छ । जसलाई बजारमा प्रतिबोतल रु एक हजार दुई सयमा बिक्री गरिरहेको कार्कीको भनाइ छ । कार्कीको फार्ममा हारियोमा सुजी, कायाबिनेट क्यान्टर, मनाज, सोबिनियन ग्रीस, तथा खानका लागि फन्नी, सोफिया, आरकडिया, पोलिस्की, दुचबा, चालिचमान लगायतका प्रकारको अंगुर उत्पादन भइरहेको छ । "विरुवा रोपेको एक वर्षमै फल दिन सुरु भइसकेको छ, पहिलो वर्ष प्रतिबोट तीनदेखि चार केजीसम्म अंगुर उत्पादन हुने अनुमान छ", फार्ममा कार्यरत प्राविधिक सान्नानी तामाङले भने, "अंगुरको बोटमा चैत/वैशाखमा फूल फुल्छ भने त्यसपछि तीनमहिनामा फल टिप्ने खालको हुन्छ ।" फागुनदेखि फूल खेल्ने र असारको पहिलो सातासम्म फल टिप्न सकिने तामाङको भनाइ छ । फार्ममा दैनिक ज्यालादारीमा मासिक १२ देखि १५ जनाले स्थानीयले प्रत्यक्ष रोजगारी पाइरहेका छन् । विशेष गरी फार्ममा घाँस कटाई, बिरुवा गोडमेल, मल तथा अन्य व्यवस्थापकीय कामबाट स्थानीय रोजगारी पाएको र राम्रो आम्दानीको स्रोत समेत बनेको तामाङको भनाइ छ । नेपालमा अंगुर खेती सफल हुँदैन भन्ने भ्रमलाई चिर्न आफूहरु सफल भएको सञ्चालक कार्कीको भनाइ छ । प्राविधिकको अध्ययनपश्चात नै यहाँ अंगुर खेती सुरु गरिएको उनले जानकारी दिइन् ।

धादिङमा भएको फार्मका लागि बागमती प्रदेश बिग फार्म शीर्षक अन्तर्गत १२ वटा फार्ममा पर्न सफल भइ रु ५५ लाख अनुदान समेत प्राप्त भइसकेको कार्कीले सुनाए । घिरिङको माटोमा अंगुर उत्पादन राम्रो हुने भएपछि यहाँका किसानलाई पनि खेतीतर्फ प्रोत्साहन गर्न पालिकासँग समन्वय भइरहेको कृषि शाखा अधिकृत रवि रामदामले बताए । "यहाँको मौसम र माटोले अंगुर खेती उपयुक्त मानिएको छ", उनले भने । *-रासस*

## अर्नाकोटमा फल्यो एकै वर्षमा स्याउ



बागलुङको निसीखोला गाउँपालिका-२ अर्नाकोटका दुर्गाबहादुर ओलीले अघिल्लो वर्ष पोखराबाट इटिलियन गाला फुजी जातको २२ वटा स्याउका बिरुवा लिएर लगाए । परीक्षणका रुपमा लगाएको स्याउले एकै वर्षमा फल दिन थालेपछि ओलीले यस वर्ष थप २७ वटा बिरुवा लगाएका छन् । सुरुमा लगाएका २२ बिरुवामध्ये दुईवटा मरे अहिले २० वटा बोटमा स्याउ फलेका छन् । स्याउले सानै बोटमा फल दिन थालेपछि गाउँका अन्य कृषक पनि हर्षित भएका छन् । दुर्गाबहादुरले स्याउका बिरुवा लगाएपछि अर्नाकोटका अन्य १२ कृषकले पनि बिरुवा लिएर लगाए । बिरुवा सप्रिँदै गएपछि धेरैको ध्यान स्याउ लगाउनेतर्फ जान थालेको छ । वर्षौंदेखि गाईभैंसी र खेतीकिसानी गर्दै आएका ओलीले अहिले गाउँका अन्य स्थानीयलाई पनि स्याउ लगाउनुपर्छ भन्ने योजनामा पुर्याएका छन् । हाल उनको बगानमा २७ नयाँ बिरुवा र २० पोहोर साल लगाएका गरी ४७ स्याउका बोट छन् । दुई हजारदेखि तीन हजार मिटरसम्मको उचाइमा गाला फुजी जातको स्याउ राम्रो उत्पादन हुन्छ भन्ने पत्रिकामा पढेको भरमा ओलीले परीक्षणका लागि स्याउ लगाएका हुन् । अर्नाकोट करिब दुई हजार दुई सय मिटरको उचाइमा पर्छ । ओलीले कृषि निर्देशनालय गण्डकी प्रदेशबाट ७५ प्रतिशत अनुदानमा बिरुवा लिएर खेती सुरुआत गरेका हुन् । बागलुङमा अहिलेसम्म ढोरपाटन र निसेलढोरमा मात्रै व्यावसायिकरूपमा स्याउ उत्पादन हुने गरेको छ । निसीखोला, ताराखोला लगायतका केही ठाउँमा स्याउ लगाए पनि राम्रो उत्पादन हुनसकेको छैन । अर्नाकोटमा परीक्षणका लागि लगाएका बिरुवाले फल दिन थालेपछि धेरै स्थानीय आकर्षित हुन थालेको दुर्गाबहादुर बताउँछन् । उनले अर्नाकोटमा सिँचाइको निकै ठूलो समस्या रहेको भन्दै यसको व्यवस्थापन हुनसके राम्रो स्याउ उत्पादन गर्न सक्ने बताए । "यहाँ यति राम्रो स्याउ होला भन्ने मैले सोचेको थिइनँ, यो ठाउँमा के-कस्तो हुन्छ एकपटक विचार गरौँ न भन्ने हिसाबले बिरुवा लिएर लगाएको, पोहोर जेठमा लगाएको अहिले नै फल दियो, यसले हामीलाई धेरै हर्षित बनाएको छ", ओलीले भने, "सिँचाइको समस्याले गर्दा बिरुवा बचाउन निकै हम्मे भयो, खानेपानीको हाहाकार भएको ठाउँमा स्याउ लगायौँ, त्यही पनि बिरुवा बचाउन सफल भयौँ, सरकारले यहाँ सिँचाइको राम्रो व्यवस्था मिलाइदिने हो भने व्यावसायिकरूपमा धेरै स्याउ उत्पादन गर्न सकिने थियो ।"

स्थानीय चेतबहादुर कुँवरले पनि अघिल्लो वर्ष २७ वटा बिरुवा लगाएका थिए । अहिले सबैले फल दिएको उनले बताए । कुँवरले लगाएकै सालमा फूल फुल्ने र अर्को सालदेखि फल दिने भनिए पनि सुरुकै वर्षमा फल दिन थालेको बताए । स्याउका पोथीभन्दा भाले जातका बिरुवा जोगाउन समस्या भएको भन्दै अहिले समाधान हुँदै गएको उनी बताउँछन् । गाउँमा अहिलेसम्म कसैले पनि स्याउ लगाउने सोच नबनाएको सुनाउँदै अहिले धेरैले बिरुवा खोज्न थालेको कुँवरले बताए । कुँवर भन्छन्, "यहाँ यसरी स्याउ फल्ला भन्ने पत्याएका थिएनौँ, तर अहिले चकित पार्ने गरी मसिनै बोटमा फल्यो, यसले हामीलाई हर्षित बनाएको छ, वर्षौंदेखि खानेपानी अभावमा गुज्रिएका हामीहरूलाई स्याउ उत्पादन हुने लक्षण देखिएपछि नयाँ आशा पलाएको छ, यहाँको मुख्य समस्या पानी हो, उत्पादनका हिसाबले यहाँ स्याउ लगायत धेरै फलफूल तथा तरकारी फलाउन सकिन्छ ।" निसीखोला गाउँपालिकाका कृषि शाखा प्रमुख तारा परियारले स्याउ फल्न थालेपछि कृषकलाई आवश्यक प्राविधिक तथा अन्य सहयोग गाउँपालिकाले गरिरहेको बताए । अहिले यहाँका कृषकले तीन रोपनीमा एक सय ५० बिरुवा लगाएकामा अधिकांशले फल दिन सुरु गरेको बताए । परीक्षण सफल हुँदै गएको भन्दै अब अन्य कृषकले पनि स्याउखेती गर्न चाहेमा गाउँपालिकाले सहयोग गर्ने उनको भनाइ छ । "फुजी जातको स्याउ यहाँको हावापानी, वातावरण र 'हाइट'का लागि एकदम राम्रो हुन्छ, कृषकले पनि हावापानी सुहाउँदो स्याउको जात छनोट गरे, अहिले नै राम्रो फल देखिएको छ, यसको परीक्षण सफल हुन्छ भन्नेमा हामी ढुक्क छौँ", परियारले भने, "त्यहीअनुसार स्याउ राम्रो हुँदै गयो भने भविष्यमा यो ठाउँ स्याउ उत्पादनका लागि प्रख्यात हुने देखिन्छ ।" निसीखोला गाउँपालिका-५ मा पर्ने निसेलढोरमा वर्षौँ अगाडिदेखि नै व्यावसायिक स्याउ उत्पादन हुँदै आएको थियो । अहिले गाउँपालिकाले निसेलढोरसँगै वडा नं ६ का उच्च क्षेत्रमा पनि स्याउ लगाउन थालिएको छ । चालु आर्थिक वर्षमा भौगोलिक बनावट, हावापानी र स्थानीयको मागअनुसार वडा नं ५ र ६ मा चार सय ५० स्याउका बिरुवा लगाइएको छ । गाउँपालिकाले चालु आवमा विनियोजन गरेको रु सात लाखबाट स्याउखेती विस्तार गर्न थालिएको हो । यस वर्ष निसेलढोर बाहेक जाउलेपानी, मापुक, चोरबास र कोस्काँ क्षेत्रमा स्याउ लगाउन थालेको गाउँपालिकाले जनाएको छ । *-रासस*

## दिनभर गर्मीमा उभिएर पाएको मल 'हात्तीको मुखमा जिरा' !

वर्षा लागेसँगै दाङका किसानहरूलाई भ्याइनभ्याइ छ । उनीहरूका लागि यो मानो खाएर मुरी उब्जनी गर्ने समय हो । यो उब्जनी अचेल उनीहरूको मेहनतले मात्र हुँदैन । रासायनिक मलबिना उत्पादन कम हुने वा हुँदै नहुनेसम्म भइसक्यो । तर किसानहरूले मल पाइरहेका छैनन् । त्यसैले उनीहरू खेतबारीको कामको चटारो बिसाएर मल वितरण हुने ठाउँ पुग्छन् । वितरण केन्द्रले एक किसान बराबर पाँच किलो मात्र मल दिन्छ । यतिका लागि दिनभर लाम लागेर सास्ती भने औंधि खेप्नुपर्छ । किसानहरूले मल वितरण प्रणालफ व्यवस्थित नभएको र पहुँचका भरमा दिएको गुनासो गरे ।

'मल पाउन पनि भनसुन गर्नुपर्ने अवस्था आइसक्यो । यस्तो हो भने राज्यको उपस्थिति कहाँ छ ?,' मल वितरणको जिम्मा पाएको कृषि सामग्री संस्था पुगेका एक किसानले भने, 'यहाँ आवश्यकताका आधारमा भन्दा पनि पहुँच हुनेले सहजै मल पाइरहेका छन् ।' सबैजसो कृषि सामग्री संस्थामा भिड र गुनासो सुनिन्छ । तुलसीपुर उपमहानगरपालिका वडा नम्बर ६ स्थित त्रिशिद्धेश्वरी कृषि सहकारी संस्था लिमिटेडमा भेटिएका बुझाउना थारूले पहुँच हुनेलाई धेरै र अरूलाई थोरै मल दिएर अन्याय गरेको आरोप लगाए । यहाँ मल वितरणका निम्ति एक घरलाई एक कार्डको व्यवस्था गरिएको छ । तर पहुँच भएका एउटै घरकाले दुई-तीनवटा कार्ड बनाएको बुझाउनाको आरोप छ । 'मेरो परिवार सबैको गरी १९ कठ्ठा जमिन छ । यति थोरै मल लगेर के गर्नु,' उनले भने । अर्की किसान रामकुमारी चौधरीको पनि यस्तै गुनासो छ । 'दिनभर काम छाडेर आउँदा एक छेउ खेतमा हाल्न नपुग्ने मल दिन्छन्,' उनले भनिन्, 'नलैजाऊ भने दिनभरको महेनत, लगौं भने हात्तीको मुखमा जिरा जस्तो हुन्छ ।' खेतीपातीको समयमा मल, बाटो र सिँचाइ/कुलो जस्ता समस्या समाधान नगरेर सरकारले अत्याचार गरेको गुनासो उनले गरिन् । बजारभन्दा सहकारीमा मल केही सस्तो र गुणस्तरीय हुने विश्वासले उनीहरू चर्को घाममा लाइन लागेका हुन् । अभावका बेलामा बिक्रेताले बजारमा आफूखुसी मूल्य तोक्दा किसान मर्कामा परेको रामकुमारीले बताइन् । लाइन बसेका किसान विनोद पुन मगरले मल नहाली उत्पादन नहुने भएकाले यस्तै अवस्था रहे भोकमरी पर्न सक्ने चिन्ता व्यक्त गरे । 'खेतबारी बाँझै छोडौं भने मन पोल्छ, खेती गर्न मल पाइँदैन,' उनले भने, 'तीन तहको सरकार भए पनि किसानका समस्या समाधान गर्न कोही गम्भीर भएन ।' गत वर्ष मल नपाएकै कारण आधा बारीको मकै सुकेर खेर गएको उनले बताए । कृषि सामग्री कम्पनी तुलसीपुर शाखाका कर्मचारीले भने गत वर्षभन्दा यसपालि जिल्लामा मल सहज आपूर्ति भएको दाबी गरे । सामग्रीले स्थानीय सरकारले सिफारिस गरेका सहकारीलाई कोटा प्रणालीमा मल दिने गरेको छ । यो कार्यालयले तुलसीपुर उपमहानगरसहित पश्चिमका चार स्थानीय तह र सल्यान जिल्लाका किसानका लागि पनि मल वितरण गर्दै आएको छ । कार्यालयका निमित्त प्रमुख कृष्णप्रसाद खनालले जिल्लामा गत वर्षजस्तो मलको पूर्ण अभाव नरहेको दाबी गरे । 'कुन पालिकालाई कति दिने भनेर कोटा उनीहरूले छुट्टयाएर पठाउँछन् । अनि फेरि पालिकाको समितिले कुन सहकारीलाई कति मल दिने भन्ने निर्णय गरेर कोटाअनुसार पठाउँछ । हामीले त्यहीअनुसार वितरण गर्ने हो,' उनले भने । *-सेतोपाटी डटकम*

# राम्दीमा दुई प्रदेश जोड्ने पुल बन्दै

**गल्याङ,** असार १६/रामनदीधाम राम्दीमा गण्डकी प्रदेश र लुम्बिनी प्रदेश जोड्ने नमूना पुल बन्ने भएको छ । सिदार्थ राजमार्ग सडकखण्ड अन्तर्गत कालीगण्डकी नदीमाथि नयाँ डिजाइन सहित मोटरेबल पुल बन्न लागेको हो ।

नेपाल-भारत सुनौली नाकाबाट सिद्धार्थ राजमार्ग हुँदै स्याङ्जा, पोखरा, पर्वत, म्याग्दी, बागलुङ, लमजुङ, मुस्ताङ र मनाङ जोड्ने यो छोटो बाटो हो । पुरानो पुल २०२८ सालमा निर्माण भएको हो । हाल सञ्चालनमा रहेको उक्त पुल जीर्ण बनेपछि सरोकारवालाले नयाँ पुल बनाउन माग गर्दै आएका थिए । पुल महाशाखाले 'आर्च थ्रु' डिजाइनको मोटरेबल पुल निर्माणको जिम्मा, रेखदेख, ठेक्का सम्झौतालगायत काम गरेको छ । राम्दीमा बन्न लागेको मोटरेबल पुलको डिजाइन अमेरिका र थाइल्यान्डमा पुल निर्माणको क्षेत्रमा काम गरेका नेपालीले तयार पारेको पुल सेक्टर पोखराका प्रमुख नवराज बाँस्तोलाले बताए । आर्चय डिजाइनमा निर्माण हुन लागेको मोटरेबल पुलको लम्बाइ एक सय आठ मिटर र चौडाइ ११ मिटरको हुने छ । नयाँ बन्ने पुल पुरानो ट्रस ब्रिजभन्दा १५ मिटर बढी लामो र पुरानो पुलसँग जोडेर पूर्वपट्टि निर्माण हुने छ । पुल तीन वर्षमा



सक्ने गरी २०७९ असार ३० गते हिम सगरमाथा प्रालि चितवनसँग ठेक्का सम्झौता भएको थियो । 'डिजाइन समयमै तयार नहुँदा निर्माणमा ढिलाइ भएको हो', बाँस्तोलाले भने । पुल निर्माणका लागि २७ करोड ७१ लाखको सम्झौता भएको छ ।

ट्रस ब्रिज जीर्ण हुँदा सवारीसाधन आवगमनमा खतरा भएको गल्याङ नगरपालिकाका प्रमुख गुरुप्रसाद भट्टराईले बताए । अहिले पुलमा जोखिम बढेको भन्दै १५ टनभन्दा बढी क्षमता भएका सवारीसाधनलाई आवागमनमा रोक लगाइएको छ । 'पुल जीर्ण हुँदा गण्डकी प्रदेशका विभिन्न जिल्लाका व्यापारीले नोक्सानी व्यहोर्नुपरेको छ', उनले भने, 'राम्दीको पुल स्याङ्जाको लाइफ लाइन पनि भएकाले लामो समयको पहलपछि पुल बन्ने भएपछि आशा जगाएको छ ।' गल्याङ उद्योग वाणिज्य संघका अध्यक्ष ध्रुव श्रेष्ठले १५ टनभन्दा बढी सामान बोकाएर ढुवानी गर्न नपाउँदा व्यापारी तथा उपभोक्ता मर्कामा परेको बताए । 'सुनौली हुँदै आउने १५ टनभन्दा बढी मालसामान बोकेका गाडी गैँडाकोट-चितवन-पोखरा हुँदै स्याङ्जा आउनुपर्ने बाध्यता छ', उनले भने, 'लामो दूरीबाट सामान ढुवानी गर्नुपर्दा स्याङ्जामा सामान महँगो पर्ने गरेको छ, धेरै संघर्षपछि अब भने राहतको महशुस गरेका छौं ।'

हाल सञ्चालनमा रहेको ट्रस ब्रिज २०२२ सालमा निर्माण सुरु भई २०२८ सालमा सम्पन्न भएको थियो । सो पुलको तत्कालीन प्रधानमन्त्री कीर्तिनिधि विष्टले उद्घाटन गरेका थिए । *-रासस*

# खोज पत्रकारिता...

महासचिव श्रेष्ठले पत्रकारितामा निरन्तरताको अभाव रहेको बताए । उनले नयाँ पुस्तामा पत्रकारितातर्फ आकर्षण नभएको र पुराना पुस्ताका पत्रकारहरुले छोड्दै जान थालेको धारणा व्यक्त गरे । श्रेष्ठले पत्रकार महासंघले ल्याएको सदस्यता शुद्धिकरण अभियानले पत्रकारिता गर्नेको झन् अभाव देखिने बताए । उनले प्रविधिको प्रयोगसँगै पत्रकारितालाई पनि सँगसँगै लैजान सक्नुपर्नेमा जोड दिए । श्रेष्ठ भने,'प्रविधिको प्रयोग गर्न सकिएन भने हाम्रो पत्रकारिता छि पत्रकारिता हुँदै जाने छ ।' उनले सरकारको नीति समेत मिडियालाई जोगाउने र खोज पत्रकारितामा प्रोत्साहन गर्ने खालको नभएको बताए । कार्यक्रममा बरिष्ठ पत्रकार कमल कोइरालले खोज पत्रकारिता गर्न साहस गर्नुपर्ने बताए । उनले खोज पत्रकारिता सजिलो नभएको भन्दै त्यसमा साहस, धैर्यता आवश्यक रहेको धारणा व्यक्त गरे । प्रशिक्षक समेत रहेका कोइरालाले पत्रकारको काम खोजेर सत्य, तथ्य बुझेर मात्र पत्रकारिता गर्नु रहेको बताए । उनले अहिलेको अवस्थामा खोज पत्रकारिता भएन भने प्रिन्ट मिडिया चल्न नसक्ने बताए । प्रशिक्षण पछिको कार्यक्रमलाई सम्बोधन गर्दै जिल्ला समन्वय समितिका प्रमुख टंकनाथ खनालले समाज परिवर्तनमा खोज पत्रकारिताले महत्वपूर्ण भूमिका खेल्ने बताए । उनले पत्रकार नुहँदा सरकार भएको अनुभूति समेत नहुने भन्दौ मिडियालाई विज्ञान र प्रविधिसँगै जोडेर लैजानुपर्नेमा जोड दिए । कार्यक्रममा नेपाल पत्रकार महसंघका अध्यक्ष रेखीराम राना महासंघका पूर्व अध्यक्षहरु झपेन्द्र गहिरे, राजेश अर्याल, नवजनचेतना राष्ट्रिय दैनिकका सम्पादक जगदीश भट्टराई, पाल्पा दर्शन प्रालिका सञ्चालक देव पचाभैया, नेपाल प्रेस युनियनका केन्द्रीय उपाध्यक्ष माधव अर्याल, नेपाल प्रेस युनियन पाल्पाका अध्यक्ष मन गहिरे, प्रेस चौतारी नेपाल पाल्पाका अध्यक्ष कृष्ण कार्की लगायतले आ-आफ्नो धारणा राखेका थिए ।

कार्यक्रममा नेतृत्व त्रैमासिक पत्रिकाका सम्पादक/प्रकाशक गोविन्द भट्टराईले पाल्पाली पत्रकारहरुलाई खोजमूलक रुपमा समाचार सम्प्रेषण तथा प्रकाशन गर्न सहयोग पुगोस् भन्ने उद्देश्यले प्रशिक्षण आयोजना गरिएको बताए । नेपाल पत्रकार महासंघ पाल्पाको समन्वय, पाल्पा दर्शन प्रालि( पाल्पा जिप लाइन)को सहयोग तथा नेतृत्व मिडिया प्रालिको आयोजनामा भएको एक दिने प्रशिक्षणमा जिल्लामा सञ्चालित विभिन्न मिडियाका सम्पादक, निर्देशहरुको सहभागीता रहेको थियो । पत्रकार महासंघका अध्यक्ष रेखीराम रानाको अध्यक्षता, सचिव यज्ञमूर्ति तिमिल्सीनाको सञ्चालनमा कार्यक्रम भएको थियो ।


मनको आवाज.............


'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com


खेलकुद समाचार

## हाफ म्याराथनको उपाधि राममायालाई



**काठमाडौं,** असार १६/प्रथम महिला हाफ म्याराथन प्रतियोगिताको उपाधि नेपाल पुलिस क्लबकी राममाया बुढाले जितेकी छन् । सशस्त्र प्रहरी परिवार महिला संघको २२औं वार्षिकोत्सवको अवसरमा शनिबार भएको दौडको २१ किलोमिटर दुरी उनले १ घण्टा २६ मिनेट ९ सेकेण्डमा पार गर्दै उपाधि हात पारेकी हुन् ।

हल्चोकको रंगशालाबाट सुरु भएको दौड स्वयम्भु, कलङ्की, बल्खु, सानेपा, एकान्तकुना, सातदोबाटो, एन्फा फुटबल ग्राउण्ड पुगेर पुन: हल्चोक रंगशाला आएर समापन भएको थियो । नेपाल एपीएफ क्लबकी बिन्दाधन्के श्रेष्ठले १ घण्टा २७ मिनेट २७ सेकेण्डमा दौड पूरा गरेर दोस्रो र त्रिभुवन आर्मीकी पूर्ण राज्यलक्ष्मी न्यौपानेले १ घण्टा २७ मिनेट ५० सेकेण्डमा दौड पूरा गरेर तेस्रो भइन् । विजेता राममाया बुढाले १ लाख रुपैयाँ जित्दा बिन्दाधन्केले ७५ हजार र पूर्ण राज्यलक्ष्मीले ५० हजार रुपैयाँ हात पारिन् । १ घण्टा ३२ मिनेट १८ सेकेण्डमा दौड पूरा गर्दै एपीएफ क्लबकी आशा राउत चौथो र १ घण्टा ३२ मिनेट २८ सेकेण्डमा दौड पूरा गरेकी पुलिस क्लबकी सुमित्रा चौधरीले पाँचौं भइन् । उनीहरुले क्रमश: २५ र १५ हजार रुपैयाँ जितेका छन् । प्रतियोगितमा त्रिभुवन आर्मी, नेपाल पुलिस, एपीएफ क्लबका साथै सशस्त्र प्रहरी बल नेपालका बाहिनी मुख्यालय र अरु गरी ४२ महिला धावकले सहभागिता जनाएका थिए ।


वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र

वर्गिकृत
डिस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


कर्पोरेट/अर्थ समाचार

## नबिल बैंकले 'नबिल ग्रीन वीक' मनाउँदै

NABIL BANK

**पाल्पा,** असार १६/नबिल बैंक लिमिटेडले 'नबिल ग्रीन वीक' कार्यक्रम मनाउने भएको छ । नबिल बैंकले नबिल दिगो बैंकिङको वार्षिकउत्सवमा 'नबिल ग्रीन वीक' मनाउने भएको हो ।

२०७८ धान दिवसको दिन प्रारम्भ गरिएको 'नबिल दिगो बैंकिङ'ले एक वर्ष पूरा गरेको उपलक्ष्यमा बैंकले 'नबिल ग्रीन वीक' मनाउने भएको हो । ग्रामीण क्षेत्रमा वित्तीय पहुँच बढाउन, वित्तीय साक्षरता सुनिश्चित गर्न, कृषि क्षेत्रको व्यवसायीकरण गर्न, उद्यमशिलता प्रवर्धन एवम् नेपाल सरकारले अवलम्बन गरेको संयुक्त राष्ट्र संघको दिगो विकास लक्ष्यलाई सघाउने उद्देश्य सहित नबिल दिगो बैंकिङ सुरुआत गरेको हो । एक वर्षमा नेपाली बैंकिङ जगतमा 'नबिल दिगो बैंकिङ' एक नवीन पहलको रूपमा स्थापित भएको बैंकको भनाइ । बैंकले हाइड्रोमा लगानी गर्नेदेखि सहुलियत कर्जा प्रदान गर्नुका साथै सामाजिक वातावरण, उत्तरदायित्वका क्षेत्रमा काम गरी दिगो बैंकिङको अभ्यास गर्दै आइरहेको छ । नेपालको विभिन्न भू-भागमा तथा वित्तीय क्षेत्र उल्लेखनीय सफलताहरू हात पारेको बैंकले जनाएको छ । बैंकले 'नबिल दिगो बैंकिङ' अन्तर्गत वित्तीय पहुँच न्यून भएका आम जनतालाई लक्षित गर्दै नबिन कर्जा 'नबिल किसान कर्जा' र 'नबिल उद्यमशील कर्जा' ल्याएको छ । बैंकले १७ दुर्गम शाखाबाट सुरु गरेको यस कर्जा अन्तर्गत २०७९ जेष्ठ मसान्तसम्म कुल ५ सय ७१ किसान तथा साना उद्यमीलाई करीब ४१ करोड कर्जा उपलब्ध गराएको र ती मध्ये करीब ६ हजार महिलाहरू रहेको बैंकले जनाएको छ ।


लोकतन्त्रको उपलब्धीको रक्षा गरौं

- विधिको शासन
- नागरिक स्वतन्त्रताको संरक्षण
- सूचनाको हक
- संवैधानिक सरकार
- आवधिक निर्वाचन
- समावेशी सहभागिताको सुनिश्चितता
- बालिग मताधिकार
- अभिव्यक्ति स्वतन्त्रता
- न्यायिक स्वतन्त्रता

***यी लोकतन्त्रका विशेषता हुन्, यिनको अवलम्बन गरौं ।***

नेपाल सरकार
विज्ञापन बोर्ड



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ०५१/०५२,पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई